आज मिति २०७७ साल असार ३१ गते बुधबारका दिन लालीगुराँस नगरपालिकाको छैठौं नगरसभा तथा चौथो वजेट अधिवेसनको दोश्रो बैठक नगरपालिकाका प्रमुख श्री अर्जुन माबोहाङ ज्यूको अध्यक्षतामा बसी देहायको उपस्थितीमा देहायको विषयहरुमा छलफल गरी सर्वसम्मत निर्णयहरु गरियो ।

उपस्थिती:

| क्र. सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | सभा अध्यक्ष तथा नगर प्रमुख | श्री अर्जुन माबोहाङ | |
| २. | सदश्य (उप प्रमुख) | श्री तिला पोखेल | |
| ३. | सदश्य (१ नं. वडा अध्यक्ष) | श्री राम बहादुर गुरुङ | |
| ४. | सदश्य (२ नं. वडा अध्यक्ष) | श्री रुद्र बहादुर लिम्बु | |
| ५. | सदश्य (३ नं. वडा अध्यक्ष) | श्री कमल बहादुर वानिया | |
| ६. | सदश्य (४ नं. वडा अध्यक्ष) | श्री प्रेम बहादुर गौतम | |
| ७. | सदश्य (५ नं. वडा अध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| ८. | सदश्य (६ नं. वडा अध्यक्ष) | श्री तिलोचन लिम्बु | |
| ९. | सदश्य (७ नं. वडा अध्यक्ष) | श्री देवेन्द्र खड्का | |
| १०. | सदश्य (८ नं. वडा अध्यक्ष) | श्री तुलसीराम खनाल | |
| ११. | सदश्य (९ नं. वडा अध्यक्ष) | श्री अम्बर बहादुर गुरुङ | |
| १२. | सदश्य (कार्यपालिका सदश्य) | श्री कासाङ आङजुक शेर्पा | |
| १३. | सदश्य (कार्यपालिका सदश्य) | श्री कालिका शेर्पा | |
| १४. | सदश्य (कार्यपालिका सदश्य) | श्री विञ्जु तुम्बाहाङफे | |
| १५. | सदश्य (कार्यपालिका सदश्य) | श्री भुमिका बराइली | |
| १६. | सदश्य (कार्यपालिका सदश्य) | श्री कुमारी नेपाली | |
| १७. | सदश्य (कार्यपालिका सदश्य) | श्री लाल बहादुर नेपाली | |
| १८. | सदश्य (कार्यपालिका सदश्य) | श्री मञ्जु काफ्ले | |
| १९. | सदश्य (कार्यपालिका सदश्य) | श्री कल्पना वि क | |
| २०. | सदश्य (१ नं. वडा सदश्य) | श्री सविता दर्जी | |

| | | | |
|---|---|---|---|
| २१. | सदश्य (१ नं. वडा सदश्य) | श्री महेन्द्र बहादुर गुरुङ | |
| २२. | सदश्य (१ नं. वडा सदश्य) | श्री दान बहादुर खड्का | |
| २३. | सदश्य (२ नं. वडा सदश्य) | श्रि कर्ण माया दर्जी | |
| २४. | सदश्य (२ नं. वडा सदश्य) | श्री लाल बहादुर लिम्बु | |
| २५. | सदश्य (२ नं. वडा सदश्य) | श्री आइतराज लिम्बु | |
| २६. | सदश्य (३ नं. वडा सदश्य) | श्री देवी माया कार्की | |
| २७. | सदश्य (३ नं. वडा सदश्य) | श्री खम्ब बहादुर पौडेल | |
| २८. | सदश्य (३ नं. वडा सदश्य) | श्री गिरीराज कार्की | |
| २९. | सदश्य (४ नं. वडा सदश्य) | श्री गंगा माया सिवा | |
| ३०. | सदश्य (४ नं. वडा सदश्य) | श्री पोष्ट बहादुर राय | |
| ३१. | सदश्य (४ नं. वडा सदश्य) | श्री गोपाल सुवेदी | |
| ३२. | सदश्य (५ नं. वडा सदश्य) | श्री तारादेवी लिम्बु | |
| ३३. | सदश्य (५ नं. वडा सदश्य) | श्री महेन्द्र सुब्बा | |
| ३४. | सदश्य (५ नं. वडा सदश्य) | श्री डम्बर बहादुर लिम्बु | |
| ३५. | सदश्य (६ नं. वडा सदश्य) | श्री सिता कामी | |
| ३६. | सदश्य (६ नं. वडा सदश्य) | श्री राम बहादुर संग्रौला | |
| ३७. | सदश्य (६ नं. वडा सदश्य) | श्री वीर बहादुर लिम्बु | |
| ३८. | सदश्य (७ नं. वडा सदश्य) | श्री यमुना कुमारी लिम्बु | |
| ३९. | सदश्य (७ नं. वडा सदश्य) | श्री मन कुमारी कामी | |
| ४०. | सदश्य (७ नं. वडा सदश्य) | श्री मोहन वीर राना मगर | |
| ४१. | सदश्य (७ नं. वडा सदश्य) | श्री रन बहादुर लिम्बु | |
| ४२. | सदश्य (८ नं. वडा सदश्य) | श्री रमादेवी खड्का | |
| ४३. | सदश्य (८ नं. वडा सदश्य) | श्री बद्री माया दमाइ | |
| ४४. | सदश्य (८ नं. वडा सदश्य) | श्री छत्र बहादुर लिम्बु | |

| | | | |
|---|---|---|---|
| ४५. | सदश्य (८ नं. वडा सदश्य) | श्री किरण लुईटेल | |
| ४६. | सदश्य (९ नं. वडा सदश्य) | श्री अन्जना दर्जी | |
| ४७. | सदश्य (९ नं. वडा सदश्य) | श्री कृष्ण कुमार लिम्बु | |
| ४८. | सदश्य (९ नं. वडा सदश्य) | श्री खेम ब केप्छाकी नगर | |
| ४९. | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन निरौला | |
| ५०. | लेखा अधिकृत | श्री सविना श्रेष्ठ | |
| ५१. | इन्जिनीयर | श्री लुकराज खड्का | |
| ५२. | शिक्षा शाखा | श्री रामकृष्ण निरौला | |
| ५३. | रोजगार संयोजक | श्री प्रकाश राई | |
| ५४. | अ. सव. इ. | श्री पदम बहादुर भुजेल | |
| ५५. | कम्प्युटर अपरेटर | श्री रमेश खड्का | |
| ५५. | फिल्ड सहायक | श्री कुसल लिम्बु | |
| ५६. | नगर प्रहरी | श्री खेमराज गुरुङ | |
| ५७. | का स | श्री महेश भण्डारी | |
| ५८. | स चा | श्री चन्द्र सुवेदी | |
| ५९. | का स | श्री खेम बहादुर खड्का | |
| ६०. | खापासटे | श्री डिल्ली लिम्बु | |
| ६२ | १ नं वडा सचिव | श्री हिकमत खड्का | |
| ६३ | का स | श्री राम बहादुर खत्री | |
| ६४ | लेखापाल | श्री जेनी राई | |
| ६५ | अधिकृत छैठौं | श्री ओम ब. आले मगर | |
| ६६. | शिक्षा शाखा | श्री विरेन्द्रकुमार अर्याल | |
| ६७. | ~~[illegible]~~ अमिन | बिना खड्का | |
| ६८ | ब. फि. प सचिव | हिमराज ढुंगाना | |

६९. सुरज लिम्बु

निर्णयहरु :

१. यस नगरपालिकाको आ.व. ०७७/७८ को निति तथा कार्यक्रम संसोधन सहित सर्वसम्मत पारित गरियो ।

२. आ. व. ०७७/७८ को लालीगुराँस नगरपालिकाको आर्थिक विधेयक, २०७७ सर्वसम्मत स्वीकृत गरियो ।

३. चालु आ.व. को संशोधित वजेट, आगामी आ.व.को अनुमानित वजेट अनुसूची खण्ड अनुसार सर्वसम्मत स्वीकृत गरियो ।

४. आ. व. ०७७/७८ को लालीगुराँस नगरपालिकाका विनियोजन विधेयक, २०७७ सर्वसम्मत स्वीकृत गरियो ।

५. लालीगुराँस नगरपालिकाका तपसिल अनुसारका विधेयकहरु सर्वसम्मत स्वीकृत गरियो ।

क. लालीगुराँस नगरपालिकाको संस्था दर्ता विधेयक, २०७७

ख. लालीगुराँस नगरपालिकाको जलश्रोत विधेयक, २०७७

ग. लालीगुराँस नगरपालिकाको पूर्वाधार विकास विधेयक, २०७७

घ. लालीगुराँस नगरपालिकाको स्वास्थ्य विधेयक, २०७७

ङ. लालीगुराँस नगरपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि, २०७५ प्रथम संसोधन, २०७७

च. लालीगुराँस नगरपालिकाको मर्मत कोष सञ्चालन कार्यविधि, २०७७

छ. लालीगुराँस नगरपालिकाको लालीगुराँस नगर कार्यपालिकाको एक्साभेटर, व्याक हो लोडर तथा ट्रयाक्टर सञ्चालन कार्यविधि, २०७७

६. यस नगरपालिका र अन्तर्गतमा रिक्त रहेका अनुसूची खण्डमा समाबेश भएका पदहरु पूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने स्वीकृती दिने निर्णय गरियो ।

क. न पा तर्फ : ख. वडा कार्यालय तर्फ : ग. स्वास्थ्य शाखा तर्फ :

७. गत आ.व.मा गठन भएको तपसिल बमोजिमको लेखा समितिलाई आगामी आ.व.मा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

संयोजक श्री कमल बहादुर वानिया, सदश्य श्री तुलसीराम खनाल, सदश्य श्री देवेन्द्र खड्का

८. आ.व. ०७६/७७ यस नगरपालिका कार्यालयमा लोक सेवा आयोगबाट सिफारिस भई आएका विभिन्न कर्मचारीहरुको नियुक्ति तथा पदस्थापना अनुमोदन गरियो ।

९. आ.व. ०७६/७७ मा भुक्तानीभएका नेपाल सरकार, प्रदेश सरकार, सडक बोर्ड तर्फका शसर्त, नगरपालिका तर्फका सम्पूर्ण योजना र कार्यक्रमहरु फरफारक तथा भुक्तानी अनुमोदन गरियो ।

१०. आ.व. ०७६/७७ मा कार्यपालिकाको विभिन्न बैठकबाट निर्णय भइ विभिन्न योजनाहरु रकमान्तर, संशोधन, नामफेरी, ठाउफेरी तथा थप भई कार्यन्वयन भएका अनुसूची खण्डमा समावेस भएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

११.आ.व. ०७६/७७ मा कार्यपालिकाको बैठकबाट निर्णय भइ नगरपालिका तथा अन्य कर्मचारीहरुलाई उपलब्ध गराइएको सेवा सुविधाहरु अनुमोदन गरी निरन्तरता दिने निर्णय गरियो ।

१२. यस नगरपालिकाको जिन्सी र सुकुम्वासी तथा अव्यवस्थित बसोबास समितिको घरभाडा यही मिति २०७७ साल असार मसान्तसम्म मात्र भएको र सो घरहरु कार्यालयलाई आ. व. ०७७।७८ मा समेत आवश्यक पर्ने भएकोले साविक कै घरधनीहरुको घर मिति २०७७।०४।०१ गतेदेखि २०७८ असार मसान्तसम्म साविक कै भाडा दर कायम गरी सम्झौता गर्ने निर्णय गरियो ।

क. छवि माया तिम्सीना ख. बृख बहादुर भुजेल ग. वडा कार्यालयका : ३, ७ र ९ नं. वडा कार्यालय

१३. यस आ व ०७६/७७ नगरपालिकाका तथा विषयगत शाखा, पंजिकरण शाखामा कार्यरत करार तथा दैनिक ज्यालादारीका सम्पूर्ण कर्मचारीहरुको म्याद तथा पारिश्रमिक भुक्तानी अनुमोदन गरियो । साथै आगामी आ. व. ०७७/७८ को लागि निरन्तरता दिने र राजश्व शाखाको लागि आवश्यक दरबन्दी व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४. शसर्त अनुदानतर्फका स्थानीय पूर्वाधार विकास, नमुना विद्यालयतथा स्वास्थ्यतर्फका अनुसूची खण्डमा समावेश भएका योजनाहरु फरफारक तथा भुक्तानी अनुमोदन गरियो ।

१५. बसन्त मा वि का शिक्षकश्री रामकृष्ण निरौला र जनताआ.वि.का शिक्षक श्री विरेन्द्र अर्याललाई आगामी आ.व. ०७७/७८ का लागि नगर कार्यपालिकाको शिक्षा शाखामा राखी साविक बमोजिम कामकाज लगाउने गरी कार्यापालिकाबाट भएको निर्णय अनुमोदन गरियो ।

१६. लालीगुराँस नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्ष ऐन २०७५ को परिच्छेद ८ को दफा ३८ ज को ४ मा विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनीयरिङ, इलेक्ट्रीकल इन्जिनीयरिङ, पशुपालन वा वाली विज्ञान विषयमा आवश्यक न्युनतम योग्यता प्राप्त गरेको व्यक्तिले सम्बन्धित शिक्षक पदको लागि लिइने परिक्षामा शिक्षा विषयको तालिम नलिएको भए पनि मात्र भएकोले उक्त दफामा स्थायी अध्यापन अनुमति पत्र नभए पनि उम्मेदवार हुन सक्नेछ भन्ने थप गर्ने निर्णय गरियो ।

१७. सार्वजनिक मा विदुर्गा मन्दिर मोड सोलिङ योजनाको हालसम्मभए गरेको कामको मूल्याङकन गरी आगामी आ. व. मा जिम्मेवारी सारी भुक्तानी गर्ने निर्णय गरियो ।

१८.यस नगरपालिका मार्फत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजनाहरु सञ्चालनका लागि विनियोजित रकमलाई वडागत रुपमा विभाजन गरी खर्च गर्न मिति २०७७ साल जेष्ठ ७ गते र २०७७ साल अषाढ ११ गतेको नगरकार्यापालिकाको बैठकले निर्णय गरे बमोजिम कार्यान्वयन गर्ने क्रममा प्रतिकुल परिस्थितिले गर्दा वडा नं. ५ र वडा नं. ८ मा तय भएका आयोजनाहरु सञ्चालन गर्न नसकिने भएकोले उक्त वडाहरुको विनियोजित रकम अनुसूची खण्डमा समावेश बमोजिम आवश्यकता हेरी अन्य वडाहरुमा खर्च भएकोले सो को अनुमोदन गरियो ।

१९. यस आ.व.०७७/७८ को वडागत वजेट सिलिङ अनुसूची खण्डमा समावेश बमोजिम उपलब्ध गराइएको निर्णय अनुमोदन गरियो ।

२०. मिति २०७७।०४।०१ गतेदेखि लागू हुने गरी ह्याभी सवारी चालक ओम बहादुर खड्काको मासिक तलव रु ३५०० ले वृद्धि गरी कार्यापालिकाबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

२१. कोरोना भाइरस प्रकोप तथा महामारी (कोभिड-१९) रोकथाम तथा नियन्त्रणको लागि लालीगुराँस नगरपालिकाबाट हालसम्मभएको अनुसूचीमा संलग्न खर्च सर्वसम्मत अनुमोदन गरियो ।

२२. यस आ.व. ०७६/७७ मा सम्झौताभई लकडाउन तथा अन्य कारणले २०७७ सालअसार मसान्तसम्ममा भुक्तानी हुन नसकेका अनुसूची ५ बमोजिमका योजना तथा कार्यक्रमहरु आगामी आ. व.०७७/७८ मा दायित्व सारी सोही आ. व. को वजेटबाट विनियोजन गरी भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

२३. वडाबाट माग भई आएका योजना तथा कार्यक्रमहरु सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

२४. यस नगरपालिकाको आ.व. ०७६।७७ को आन्तरिक लेखा परिक्षण गर्न म्याङलुङ्ग नगरपालिकाका आन्तरिक लेखा परिक्षक श्री लिलानाथ ढुंगानालाई पठाई दिन म्याङलुङ्ग नगरपालिका कार्यालय तेह्रथुमलाई अनुरोध गर्ने निर्णय गरियो ।

२५. स्थानीय राजपत्र लालीगुराँस नगरपालिकाको वन ऐन २०७६ मा निम्न दफाहरुमा पेश भए बमोजिमको संशोधन सर्वसम्मत पारित गरियो ।

क. नगरपालिकाको क्षेत्रभत्रि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विकास निर्माण/कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय वन तथा वनजन्य श्रोतको नगरपालिकाकाले उपयोग गर्न सक्नेछ ।

ख. यसरी उपयोग गर्दा आयोजना तथा कार्यक्रम सञ्चालन गरेका कारण ढलेका तथा ढल्न लागेका रुखहरु र वन तथा वनजन्य श्रोतहरु नगर कार्यपालिकाको निर्णय अनुसार सार्वजनिकहित सरोकार क्षेत्र, नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा उपयोग गरिनेछ ।

ग. यसरी श्रोतको उपयोग गर्दा निशुल्क वा शशुल्क उपयोग गर्ने वा गर्न दिने विषय नगरसभाको निर्णय बमोजिम हुनेछ ।

घ. आयोजना/कार्यक्रम सञ्चालन हुने क्षेत्रभित्रका वा नगरपालिका क्षेत्रभत्रिकासार्वजनिक/सरकारी/ऐलानी/पर्ति जग्गाभित्रको खानी तथा खनिजजन्य श्रोतहरुको उपयोग गर्दा प्रदेश कानुनको प्रतिकुल नहुने गरी नगरसभाको निर्णय बमोजिम हुनेछ ।

२६. यस नगरपालिकाको नगर बस तथा एम्बुलेन्सको गत आ.व.मा स्वीकृत भएको भाडा दररेटलाई नै कायम गरी नगर बसमा क र ख वर्गका अपाङगहरुलाइ परिचय पत्र देखाएमा भाडा निशुल्क हुने र एम्बुलेन्सको भाडा दरमा बसन्तपुर दागपाको भाडा दररेट संशोधन गरी रु.३,००० कायम गर्ने साथै नगरक्षेत्रभित्रबाट प्रा.स्वा.के बसन्तपुरसम्म प्रसुती सेवाका लागि दुई तर्फी नै निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

२७. कोभिड-१९ महामारी व्यवस्थापनको सन्दर्भमा नागरिकहरुलाई नगरपालिकाको तर्फबाट राहत प्रदान गर्ने प्रयोजनको लागि विभिन्न मितिमा करिव ४३,३७५ केजी चामल खरिद गरिएको (खरिद सम्बन्धि सम्पूर्ण विवरण वेवसाइटमा अपलोड गरिएको) मा पालिकाबाट सबै वडाहरुमा राहत वितरण गरि करिव २६६ वोरा (२५ केजीको वोरा) चामल स्टकमा रहेको देखियो । सो चामल बाढी, पहिरो तथा विपद व्यवस्थापनको लागि वितरण गर्न खोज्दा चामलको गुणस्तर कम भएको देखियो तर गुणस्तर मापनको लागि प्राविधिक ल्याइ परिक्षण गर्न लकडाउनको कारण असम्भव भएकोले पशुपंक्षीहरुको चारो प्रयोजनका लागि प्रति केजी रु. २०।- (प्रति वोरा रु. ५००।-) का दरले व्यापारी बाहेक अन्य सेवाग्राहीलाई बिक्री वितरण गर्ने निर्णय गरियो ।

२८. आ.व. ०७७।७८ मा कार्यसम्पादनको सिलसिलमा आई पर्ने बाधा अड्काउहरु फुकाउन नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

आ.व. ०७७/७८ को छैठौ नगरसभा तथा चौथो वजेट अधिवेसन सम्पन्न गरियो ।